बैठक मिति: २०७९/२/१८

बैठक संख्या: २४

छलफल तथा निर्णय:

१. नेपाललाई विकासशील राष्ट्रबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नती गर्ने सम्बन्धमा समन्वय गर्न देहायबमोजिम निर्देशक समिति गठन गर्ने:

क. निर्देशक समिति

| | |
|---|---|
| मा. उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | अध्यक्ष |
| मा. सदस्य (आर्थिक मामिला हेर्ने), राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य |
| सहसचिव (सम्बन्धित विषय क्षेत्र हेर्ने) राष्ट्रिय योजना आयोग | सदस्य सचिव |

ख. उल्लेखित निर्देशक समितिले आवश्यकता अनुसार आयोगका सदस्यहरूको संयोजकत्वमा विषयगत समितिहरु गठन गरी कार्य गराउन सक्नेछ।

ग. निर्देशक समिति र विषयगत समितिहरुको कार्यक्षेत्र र कार्यविधि निर्देशक समिति स्वयंले निर्धारण गरेबमोजिम हुनेछ।

२. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक त्रैमासिक रुपमा, राष्ट्रिय विकास समस्या समाधान समितिको पूर्व तयारी बैठक अर्धवार्षिक रुपमा र राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक वार्षिक रूपमा बस्ने व्यवस्था मिलाउने।

३. आगामी आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेट एवं मध्यमकालीन खर्च संरचना (२०७९/२०८०-२०८१/२०८२ को समिक्षा गरियो।

४. १६औं आवधिक योजना तर्जुमा सम्बन्धमा छलफल गरियो।